# विनयी त्रिवेणी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### बजेट वक्तब्य

### आर्थिक बर्ष २०८१/०८२

**मिति : २०८१/०३/१० गते सोमबार**

**सभाध्यक्षज्यू,**

**आदरणीय सभा अध्यक्ष ज्यु,**

१. यस गरिमामय सभाको बैठकमा बजेट तर्जुमा तथा कार्यान्वयन समितिको अध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अबसरमा लोकतन्त्र प्राप्ति तथा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनैतिक आन्दोलनमा जिबन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिद हरु प्रति भाव पूर्ण श्रदान्जली अर्पण गर्दछु ।

३. गाउँपालिकाको समग्र आर्थिक अवस्था समस्या र चुनौतीलाई सम्बोधन गर्दै सवल आर्थिक अवस्था कायम गर्ने र आम पालिका बसी जनताको विकास र सम्वृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा पछाडी परेका वर्ग क्षेत्र लिंग र समुदायलाई लाभको पहुचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. बजेट तर्जुमा गर्दा नेपालको संबिधान, आवधिक योजना, दिगो विकासका लक्ष्यहरु बिभिन्न क्षेत्रका व्यक्ति विद्धत वर्ग बाट प्राप्त सुझाब, नागरिक समाज, निजि क्षेत्र, संचार लगायत सबै बाट प्राप्त सुझाबलाई आधार बनाएको छु ।

५. मैले आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा आम जनताको अपेक्षालाई सम्बोधन गर्न तथा गाउँपालिकाको पूर्वाधारको क्षेत्रमा रहेका कठिनाई हटाई विकासको आधार खडा गर्ने आस र विश्वास लिएको छु, सम्पूर्ण गाउँपालिका बसी आम जनसमुदाय र जनप्रतिनिधिहरुको साथ र सहयोग बाट यो विश्वास पुरागर्न सकिने अपेक्षा लिएको छु ।

**आदरणीय सभा अध्यक्ष ज्यु,**

अब म गाउँपालिकाको बजेट कार्यन्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

६. सम्पूर्ण विश्व अर्थतन्त्र नै संकुचनमा परेको चालु आर्थिक बर्षको राजश्व संकलनको लक्ष्य महत्वाकाँक्षी थियो, संघिय सरकारबाट प्राप्त हुने वितीय समानीकरण अनुदान र राजश्व बाडफाडको रकम अपेक्षाकृतरुपमा प्राप्त हुन सकेन ।

७. संघीय सरकारबाट प्राप्त हुने राजश्वमा कटौतीका बाबजुत पनि योजनाको प्रथामिकिकरण गरि जन अपेक्षा संग जोडिएका योजनाहरुलाई सकेसम्म बजेट अभाब हुन नदिने गरि कार्यन्वयनको रणनीति बनाउदा चालु आ.ब. मा पुजीगत तर्फका अधिकाँस योजनाको लागि स्रोतको सुनिश्चितता गर्न सफल भएका छौ ।

८. चालु आर्थिक बर्षमा गाउँपालिकाको खर्च रु ५२,०३,०१,३६३.९७ (**बाउन्न करोड तीन लाख एक हजार तीन सय तीरसाठी र सन्तान्नब्बे पैसा**) अर्थात विनियोजनको ७०.७२ प्रतिशत हुने संसोधित अनुमान छ। कुल गाउँपालिकाको खर्चमध्य चालु खर्च रु. ३५,६७,८९,५१६.९७ (**पैतीस करोड सत्सठ्ठी लाख उनान्नब्बे हजार पाँच सय सोह्र र सन्तान्नब्बे पैस**) अर्थात ७९.०६ प्रतिशत, पुजीगत

खर्च रु १६,३५,११,८४७ **(सोह्र करोड पैतीस लाख एघार हजार आठ सय सरचालीस)** आर्थात विनियोजनको ५७.४८ प्रतिशत खर्च हुने संसोधित आनुमन छ ।

९. चालु आर्थिक वर्षमा राजश्व संकलन रु ६०,७३,३१,८१९ **(साठी करोड त्रिहत्तर लाख एकतीस हजार आठ सय उन्नाइस)** हुने संसोधित आनुमन छ, यो लक्ष्यको तुलनामा ८२.५५ प्रतिशत हो ।

१०. खास गरि देशको आर्थिक गतिविधिमा आएको संकुचन नदिजन्य पदार्थको समयमै ठेक्का व्यवस्थापन गर्न नसकिनु तथा व्यवसाय करलाई पूर्णरुपमा करको दायरामा ल्याउन नसकिनु जस्ता कारणले राजश्व संकलन लक्ष्य अनुरुप हुन सकेन ।

**आदरणीय सभा अध्यक्ष ज्यु,**

अब म बजेट प्रणालीमा देखिएका मुख्य चुनौती र अवसरहरु उल्लेख गर्न चाहन्छु,

११. चुनौतीहरु

- साना साना आयोजनामा बजेट छर्ने प्रवृतिलाई निरुत्साहित गर्नु ।
- राजश्व परिचालनलाई यथार्थपरक बनाउनु ।
- योजना तर्जुमा पद्धतीलाई बढी भन्दा बढी सहभागितामुलक बनाउनु ।
- संघ प्रदेश र स्थानीय तहको योजना कार्यान्वयनमा तादात्मयता कायम गर्नु ।

१२. अवसरहरु

- संघिय लोकतान्त्रिक गणतन्त्रत्मक शासन व्यबस्थाको स्थापना हुनु ।
- संबिधान मै वितीय संघियताको स्पष्ट व्यवस्था हुनु ।
- राजश्व संकलनको प्रयाप्त आधारहरुको हस्तान्तरण हुनु ।
- जनताको सबै भन्दा नजिकको सरकारको रुपमा लोकतन्त्रको पूर्ण अभ्यास गर्ने वातावरण तयार हुनु ।

१३. अब म उल्लेखित चुनौती र अवसरलाई मनन गर्दै सबै तह र तप्काका नागरिकहरुको सहयोग सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमुलक परिचालन गर्नुका साथै समन्यायिक र सन्तुलित विकास गर्ने गरि सबै क्षेत्रको विकासको खाडल कम गर्ने गरि बजेटको उद्देश्य र प्राथमिकता तय गरेको छु ।

१४. बजेटका उद्देश्यहरु

- सबै क्षेत्रको सन्तुलित विकास गर्ने ।
- आधारभूत सडक सुबिधाको पहुच सबै क्षेत्रमा पुर्याउने ।
- आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने ।
- किसानको जिबन स्तर सुधार गर्ने ।
- सेवा प्रवाहलाई सरल झन्झटरहित र सहज पहुचयुक्त बनाई सुशासन कायम गर्ने ।

१५.बजेटका प्राथमिकता निम्नाअनुसार रहेका छन

- गुणस्तरीय सडक पूर्वाधार निर्माण,
- सहज र पहुचयुक्त आधारभूत स्वास्थ्य सेवा,
- गुणस्तरीय सार्वजनिक शिक्षा,
- वातावरण संरक्षण, जलबायु परिवर्तन र विपद व्यवस्थापन,
- सामाजिक क्षेत्रको विकास र सशक्तिकारण,

**आदरणीय सभा अध्यक्ष ज्यु,**

**अब म आगामी आर्थिक बर्षको कुल आकार र उक्त बजेटका स्रोतहरुलाई सभा समक्ष प्रस्तुत गर्न चाहन्छु,**

१६. आगामी आर्थिक वर्षको कुल बजेट ७२,२०,३७,००० **(बहत्तर करोड बीस लाख सरतीस हजार)** हुने गरि प्रस्ताब गरेको छु, जस मध्य पुजीगत तर्फ २४,४१,३४,००० (चौबीस करोड एकचालीस लाख चौतीस हजार) जुन कुल बजेटको ३३.८१ प्रतिशत र चालु तर्फ ४७,७९,०३,००० (सरचालीस करोड उनास्सी लाख तीन हजार) बिनियोजन गरेको छु जुन कुल बजेटको ६६.१९ प्रतिशत हुन आउछ ।

**अब म आगामी आर्थिक बर्षको बजेटको स्रोतको बारेमा उल्लेख गर्न चाहन्छु ,**

१७. आगामी आर्थिक बर्षमा हाम्रो गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वितीय हस्तान्तरण तथा आन्तरिक राजश्व गरि देहाय बमोजिम कुल राजश्व प्राप्तहुने अनुमान गरेको छु ।

- आन्तरिक राजश्व रु.३,०९,००,००० **(तीन करोड नौ लाख)**
- राजश्व वाडफाडबाट प्राप्त राजश्व रु. २०,४६,२४,००० **(बीस करोड छयालीस लाख चौबिस हजार)**
- संघिय शसर्त अनुदान रु. २८,०७,०५,००० **(अठ्ठाइस करोड सात लाख पाच हजार)**
- संघीय समानीकरण अनुदान रु. ११,६५,००,००० **(एघार करोड पैसट्ठी लाख )**
- संघिय समपुरक अनुदान रु. १,५०,००,००० **(एक करोड पचास लाखा)**
- संघिय बिशेष अनुदान रु. ८५,००,००० **(पचासी लाख)**
- प्रदेश समानीकरण अनुदान रु. १,५६,३१,००० **(एक करोड छपन्न लाख एकतिस हजार )**
- प्रदेश समपुरक अनुदान रु. ८०,००,००० **(असि लाख)**
- अन्य आय रु. १६,००,००० **(सोह्र लाख)**
- गत बर्षको नगद मौज्दात रु. २,७९,६०,००० **(दुइ करोड उनासी लाख साठी हजार)**
- जनसहभागिता रु. ५४,१७,००० **(चौवन्न लाख सत्र हजार)**

**आदरणीय सभा अध्यक्ष ज्यु,**

अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु,

१८. **आर्थिक विकास :** जनताको जिबनस्तरमा सुधार ल्याउन तथा आय आर्जन र आर्थिक गतिविधिमा बढोत्तरी ल्याउन कृषि साना सिचाई, डिप ट्युबेल, मलको सहज आपूर्तिको लागि मल कार्डको व्यवस्था, कृषि तथा पशुपन्क्षि पकेट क्षेत्र, पशु खोप, महामारी नियन्त्रणका लागि प्राइमरी ल्याब तथा पशु बिमा लगायतका कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।अर्थतन्त्रको महत्वपूर्ण आधार स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रको क्षमता अभिबृद्धिको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।आर्थिक विकास क्षेत्रको लागि रु. ५,२३,१८,००० **(पाच करोड तेहिस लाख अठार हजार)** कुल बजेट को ७.२५ प्रतिशत बजेट बिनियोजन गरेको छु ।

१९. **सामाजिक बिकास :** सामाजिक विकासको क्षेत्र तर्फ कुल रु. ३५,३०,९५,००० **(पैतिस करोड तिस लाख पन्चानब्बे हजार)** कुल बजेट को ४८.९० प्रतिशत बजेट विनियोजन गरेको छु ।

- **शिक्षा :** शिक्षा क्षेत्रको समग्र विकासको लागि आधारभूत तहमा बिषयगत स्वयमसेवक शिक्षक, माध्यमिक तहमा गाउँपालिका अनुदान शिक्षक को व्यवस्था गरिएको छ, विधालयका स.का. र कर्मचारीलाई थप सुबिधा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छु , सामुदायिक बिधालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न १-५ सम्म निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक बजेटको ब्यबस्था मिलाएको छु, चालु आर्थिक बर्ष बाट नै स्थानीय पाठ्यक्रम लागु गरिएको छ ।शिक्षा क्षेत्रको समग्र विकासको लागि रु २७,१६,४९,००० **(सत्ताइस करोड सोह्र लाख उनन्पचास हजार)** कुल बजेट को ३७.६२ प्रतिशत बजेट बिनियोजन गरेको छु ।

- **स्वास्थ्य :** जनताको स्वास्थ्य अवस्था सुधार गर्न र आधारभुत स्वास्थ्य सेवाको सुनिचीतता गर्न आगामी आ.ब. मा विनयी त्रिबेणी आधारभूत अस्पताल स्थापना र संचालन गर्ने गरि बजेट को व्यवस्था गरेको छु, पूर्ण खोप, अत्यावश्यक पूर्वाधार, स्वास्थ्य बिमा र औजार उपकरण व्यवस्थाकोलागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।स्वास्थ्य तर्फ रु ६,१९,२६,००० **(छ करोड उन्नाइस लाख छबिस हजार)** कुल बजेट को ८.५८ प्रतिशत बजेट बिनियोजन गरेको छु ।
- खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृतिको संरक्षण तथा विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण लगायतका क्षेत्रहरुलाई समेट्ने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२०. **पूर्वाधार विकास :**

- गाउँपालिकाको पूर्वाधार विकासलाई मुख्य जोड दिई बजेटको व्यवस्था गरेको छु, खासगरि गाउँपालिकाको केन्द्रसम्म सहज यातायातको पहुचलाई विस्तार गर्न गाउँपालिकाको गौरवको योजनाको रुपमा दुम्कीवास सर्दी सडकलाई स्थापित गरि आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने गरि रु ५,५०,००,००० **(पाच करोड पचास लाख)** बिनियोजन गरेको छु ।
- त्रिबेणी दुम्कीवास सडक आयोजना निर्माणको लागि संघीय र प्रदेश सरकार संग निरन्तर पहल गरिने छ ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाइएको छ, जग्गा प्राप्ति पश्चात आगामी आर्थिक बर्षमा भवन निर्माण कार्य प्रारम्भ गरिने छ ।
- होंङ्सी सिमेन्ट उद्योगको गेट देखि खोरन्डी खोला सम्म सडक स्तरउन्नति गर्न उद्योगको CSR लाई परिचालन गर्न उद्योग संग समन्वय गरि काम गर्न आवश्यक व्यवस्था मिलाएको छु ।
- कनिकेसाल चुकाहा भैसेखोला सम्म बाटो स्तरउन्नतिको लागि प्रदेश सरकार संगको समपुरक अनुदानमा रु १,६०,००,००० **(एक करोड रुपैया साठी लाख)** विनियोजन गरेको छु ।
- बगैचा आदर्शटोल सालघारी सडकको लागि रु. ५०,००,००० **(पचास लाख)** बिनियोजन गरेको छु ।
- गुम्बा सिसेनी बगुवन सडक स्तरउन्नति आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने गरि रु. २५,००,००० **(पच्चीस लाख)** बिनियोजन गरेको छु ।
- वडा भित्रका साना तिना पूर्वाधार निर्माण र मर्मत सम्भारका लागि रु रु ५०,००,००० **(पचास लाख)** का दरले रु ३,५०,००,००० **(तिन करोड पचास लाख)** विनियोजन गरेको छु ।
- पूर्वाधार विकास तर्फ रु. १६,१४,००,००० **(सोह्र करोड चौध लाख)** कुल बजेटको २२.३५ प्रतिशत बजेट बिनियोजन गरेको छु ।

२१. **वातावरण तथा विपद व्यवस्थापनः** वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ रु. २,१०,८०,००० (दुई करोड दशलाख असि हजार) कुल बजेटको २.९२ प्रतिशत बजेट बिनियोजन गरिएको छु ।

२२. **संस्थागत विकास तथा सुशासन :** स्थानीय शासनको मूलमर्म लाई आत्मसाथ गर्दै पालिकास्तरमा विपद व्यवस्थापन तथा मानव संसाधन विकास गर्दै श्रम र रोजगारी सिर्जना गरि गरिबी निवारण गर्ने तर्फ पालिकाको ध्यान केन्द्रित गरेको छु, समग्र विकास लक्ष्य हासिल गर्नको लागि सुशासनको प्रभावकारी व्यवस्था मिलाउनु अपरिहार्य हुन्छ, पालिकाको सस्थागत क्षेमता विकास

गरि सुशासन प्रवर्द्धन गर्ने व्यवस्था मिलाईएको छ, संस्थागत विकास तथा सुशासन क्षेत्र तर्फ रु. १३,४१,४४,००० **(तेह्र करोड एकचालीस लाख चौवालिस हजार)** कुल बजेटको १८.५८ प्रतिशत बजेट बिनियोजन गरिएको छ ।

**आदरणीय सभा अध्यक्ष ज्यु,**

सिमित स्रोत साधानको प्रयोग बाट जनताका असिमित आकांक्षा र अपेक्षा पुरागर्ने कार्य ज्यादै चुनौतीपूर्ण हुन्छ , हाम्रो बजेट निर्माणको क्रममा पनि जनताका अनगिन्ति समस्याहरुलाई हामी संग भएको थोरै स्रोत बाट सकेसम्म सम्बोधन गर्ने कोसिस गरेको छु, बजेटलाई बढी यथार्थपरक र कार्यान्वयन योग्य बनाउन अनुत्पादन खर्च कटौती गर्ने प्रयास गरेको छु, बजेटको प्रभाबकारिता यसको कार्यन्वयनमा निर्भर हुने हुदा प्रस्तुत बजेटको प्रभावकरी कार्यान्वयन गरि बढी भन्दा बढी जनताले लाभ लिन सक्ने तर्फ हामि सबैको सकरात्मक सहयोग र पहलकदमिको अपेक्षा राख्दछु ।

धन्यवाद।

**भगवती बैदवार क्षेत्रि**

उपाध्यक्ष

**मिति २०८१/०३/१०**